# काँक्रेविहार
कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



काँक्रेविहार राष्ट्रिय दैनिक

नियमित नआएमा

९८५-१३४४७५४



ग्राहक बन्नु परेमा



❑ वर्ष : २६ ❑ अंक : १८ ❑ सोमवार, १९ असोज, २०८३ ❑ Monday, 5 Oct 2026 ❑ नेपाल संवत ११४६ ❑ पृष्ठ : ४ ❑ मूल्य : रु. १०


## बारम्बार मुख्यमन्त्री फेरिदा ७८ दिनदेखि बजेटविहीन सुदरपश्चिम

❑ **काँक्रेविहार संवाददाता**
धनगढी, १८ असोज

सुदूरपश्चिम प्रदेश ७८ दिनदेखि बजेटविहीन छ। अघिल्लो सरकारले १ असारमा प्रदेशसभामा प्रस्तुत गरेको बजेट पारित हुन नसक्दा १ साउनदेखि प्रदेश सरकार बजेट शून्यतामा गएको थियो।

सोही बजेटमा भएको विवादले कांग्रेस नेतृत्वको सरकार ढलेर नेपाली कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार बनेको थियो। नेकपा संसदीय दलका नेता खगराज भट्ट नेतृत्वको सरकार गठनको डेढ महिना बितिसक्दा पनि बजेट शून्यता भने कायमै छ।

प्रदेश सरकार बजेटविहीन हुँदा त्यसको असर मन्त्रालय र मातहतका कार्यालयमा प्रत्यक्ष देखिन थालेको छ। सरकारी कार्यालय सञ्चालनका लागि आवश्यक दैनिक खर्च व्यवस्थापनमा समस्या हुन थालेको छ।

सरकारका नियमित गतिविधि सञ्चालन गर्नुपर्ने कार्यालयहरूमा बजेटको अभावले निर्णय कार्यान्वयनदेखि खरिद तथा भुक्तानी प्रक्रियासम्म समस्या देखिन थालेको छ।

बजेटविहीन अवस्थाको असर कर्मचारीमा पनि परेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता जगदीश जोशीका अनुसार प्रदेश सरकारमातहत कार्यरत कर्मचारीले साढे दुई महिनादेखि तलब पाएका छैनन्। चाडपर्वको समय नजिकिँदै गर्दा तलब नपाउँदा कर्मचारीको मनोबल पनि घट्दै गएको छ।

### दसौं राष्ट्रिय खेलकुदको तयारी अन्तिम चरणमा

# निर्धारित मितिमै प्रतियोगिता हुने

❑ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १८ असोज

कर्णाली प्रदेशमा आयोजना हुने दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८३ निर्धारित मितिमै सञ्चालन गर्ने गरी तयारी तीव्र पारिएको छ। आगामी मंसिर १६ देखि २७ गतेसम्म कर्णाली प्रदेशका सुर्खेतमा सञ्चालन हुने प्रतियोगिताका लागि खेलस्थल, खेलाडीको बसोबास, पूर्वाधार, खरिद तथा व्यवस्थापनका कामलाई अघि बढाइएको आयोजकले जनाएको छ।

राष्ट्रिय खेलकुदको दसौँ संस्करण कर्णालीमा आयोजना गर्ने नेपाल सरकारको २०८३ भदौ २२ गतेको निर्णयलाई स्वागत गर्दै मूल आयोजक समितिले प्रतियोगिता भव्य, सभ्य र व्यवस्थित रूपमा सम्पन्न गर्ने प्रतिबद्धता जनाएको छ। प्रत्येक दुई वर्षमा चक्रीय प्रणालीअनुसार आयोजना हुँदै आएको राष्ट्रिय खेलकुदमार्फत स्थानीय तहदेखि खेल प्रतिभाको खोजी, पहिचान र उत्पादन गर्ने उद्देश्यसमेत राखिएको छ।

आइतबार कर्णाली प्रदेश खेलकुद विकास परिष्दमा आयोजित पत्रकार सम्मेलन मार्फत कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव रविन्द्र चन्दले प्रतियोगिताका लागि सुर्खेत रंगशालाको काम करिब पूर्ण रूपमा सम्पन्न भएको बताए। उनका अनुसार असोजको अन्तिमसम्म रंगशाला हस्तान्तरण हुने र सरसफाइको कामसमेत अन्तिम चरणमा पुगेको छ। रंगशालाको काम १०० प्रतिशत सम्पन्न भएको छ। अहिले सरसफाइलगायतका काम सकिँदै छन्," सदस्य सचिव चन्दले भने। उनका अनुसार प्रतियोगिताका लागि खेल संघ तथा सम्बन्धित संस्थासँग निरन्तर संवाद र समन्वय भइरहेको छ।




प्रतियोगिताका क्रममा खेलाडी तथा अन्य सहभागीको बसोबास व्यवस्थापन भने चुनौतीका रूपमा रहेको चन्दले बताए। यद्यपि उपाध्यक्षको नेतृत्वमा बसोबासलगायतका व्यवस्थापनका काम सम्पन्न गरिने उनको भनाइ छ। सुर्खेतमा मात्रै करिब ३ हजार बेडको व्यवस्था रहेको र आवश्यक व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको उनले जानकारी दिए।

दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि मूल आयोजक समितिले विभिन्न महत्वपूर्ण निर्णयसमेत गरेको छ। निर्णयअनुसार प्रतियोगितामा सात प्रदेश, तीन विभागीय टोली र गैरआवासीय नेपाली संघ (एनआरएनए) गरी ११ टोली सहभागी हुनेछन्। प्रतियोगितामा ३२ खेल विधामा प्रतिस्पर्धा गराउने निर्णय गरिएको छ।

३२ मध्ये अधिकांश खेल सुर्खेतमै सञ्चालन गर्ने तयारी गरिएको छ। भौगोलिक अवस्था तथा पूर्वाधारको उपलब्धताका आधारमा केही खेल भने अन्य जिल्लामा सञ्चालन हुने छन्। आयोजकका अनुसार दैलेख, कालिकोट, सल्यान र जुम्लालगायत जिल्लामा समेत खेल सञ्चालन गर्ने तयारी छ। त्यस्तै केही खेल नेपालगन्जमा आयोजना हुनेछन्। नेपालगन्जमा सुटिङ, टेनिसलगायतका खेल सञ्चालन गर्ने तयारी रहेको जनाइएको छ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रामचरित्र मेहताले पनि प्रतियोगिता निर्धारित समयमै सञ्चालन हुनेमा ढुक्क हुन आग्रह गरेका छन्। उनका अनुसार प्रतियोगिताका लागि ४४ करोड ८० लाख रुपैयाँ बजेट विनियोजन भएको छ भने थप बजेट आवश्यक रहेकाले माग गरिएको छ। अर्थ मन्त्रालयले प्रतियोगिताका लागि करिब ७१ करोड रुपैयाँ बजेट सुनिश्चित गर्ने विषयमा काम अघि बढाएको उनले जानकारी दिए।

मेहताका अनुसार प्रतियोगितामा सहभागी हुने खेल तथा खेलाडीका लागि आवश्यक सामग्री खरिद प्रक्रिया अघि बढिसकेको छ। खेल सञ्चालनका लागि आवश्यक व्यवस्थापन तथा पूर्वतयारीका

बाँकी पृष्ठ २

### दुविधा नराख्न आग्रह

*शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता तोकिएको मितिमै हुने भन्दै प्रतियोगिता सर्नेमा कुनै दुविधा नराख्न आग्रह गरेका छन्। आइतबार सुर्खेतमा बसेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मूल आयोजक समितिको बैठकलाई सम्बोधन गर्दै मन्त्री पोखरेलले प्रतियोगिताको औपचारिक उत्सव सुरु भएको बताए। दशौं राष्ट्रिय खेलकुद हुने हो कि होइन भनेर कसैले पनि दुविधा नमान्नुहोला,' उनले भने, 'दशौं राष्ट्रिय खेलकुदको उत्सव आजैबाट सुरु भयो। प्रतियोगिता मात्रै मंसिर १६ गतेबाट हो।' उनले विगतका राष्ट्रिय खेलकुद प्रतियोगिताभन्दा प्रभावकारी ढंगले यसपटकको प्रतियोगिता सञ्चालन गर्ने तयारी भइरहेको बताए। प्रतियोगिता सफल बनाउन तीन तहका सरकारसहित सबै सरोकारवाला मिलेर अघि बढ्नुपर्ने उनको भनाइ थियो। कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाहीले पनि आइतबारको बैठकले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता हुनेमा प्रत्याभूति भएको बताए। उनले प्रतियोगिता सफलतापूर्वक आयोजना भएपछि कर्णाली प्रदेश ठूलो राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सक्षम छ भन्ने सन्देश जाने बताए। कर्णालीका धेरै जिल्लामा खेलकुदका पूर्वाधार निर्माण भइसकेको र खेलकुद मन्त्रालयको प्राविधिक टोलीले पूर्वाधारबारे अध्ययन गरिरहेको उनले जानकारी दिए। यसैबीच, खेल संघका प्रतिनिधिहरूले दशौं राष्ट्रिय खेलकुद समयमै हुनेमा आशंका व्यक्त गरेपछि राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहताले प्रतियोगिता सर्ने विषयमा शंका नगर्न आग्रह गरेका छन्। 'यहाँ समयमा खेल हुन्छ कि हुँदैन या फेरि सर्छ कि भन्ने गुनासो सुनिन्छ। तर हामीले यसलाई एउटा फ्रेस स्टार्ट ठानेका छौं। त्यसैले ढुक्क हुन अनुरोध गर्दछु,' उनले भने। दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी मंसिर १६ गतेदेखि कर्णाली प्रदेशमा आयोजना गर्ने तयारी छ।*

## कांग्रेस महाधिवेशनमा नेताहरूले के-के भने ?

❑ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १८ असोज

नेपाली कांग्रेसको १५औँ महाधिवेशन उद्घाटन समारोहमा विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूले नेपालको समसामयिक राजनीति, कांग्रेसको इतिहास, नयाँ नेतृत्व, लोकतन्त्र, राष्ट्रिय एकता र राजनीतिक दलप्रतिको जनअसन्तुष्टिबारे आ-आफ्ना धारणा राखेका छन्।



**गगन थापा : राजनीति 'म्युजिकल चियर' जस्तो भयो**

कांग्रेस सभापति गगन थापाले सत्ता र नेतृत्वमा उही अनुहार दोहोरिइरहने प्रवृत्तिले नेपालको राजनीति 'म्युजिकल चियर' जस्तो बनेको बताए। उनले प्रधानमन्त्री भइसकेका व्यक्ति फेरि प्रधानमन्त्री बन्न खोज्ने, नेता बनेका व्यक्ति पटक-पटक नेतृत्वमा दोहोरिने र मन्त्री बनेका व्यक्ति पनि निरन्तर सत्तामा बसिरहने प्रवृत्तिले जनतामा राजनीतिप्रति वितृष्णा बढाएको बताए।

उनका अनुसार यही प्रवृत्तिको परिणामस्वरूप भदौ २३ र २४ गतेको घटना भएको हो। राजनीतिक दल र नेतृत्वप्रतिको असन्तुष्टि विस्तारै बढ्दै गएर 'भुसको आगो' जस्तै बनेको र त्यसले कुनै एउटा दल वा नेतालाई मात्रै नभई समग्र राजनीतिक प्रणालीलाई प्रभावित गरेको उनको भनाइ थियो। थापाले सामाजिक सञ्जालदेखि सार्वजनिक जीवनसम्म अत्यधिक राजनीतिकरण भएको भन्दै हरेक विषयलाई राजनीतिक दृष्टिले हेर्ने प्रवृत्ति बढेको बताए।

**रवि लामिछाने : कांग्रेसको सबैभन्दा ठूलो शक्ति इतिहास हो**

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले नेपाली कांग्रेसको सबैभन्दा ठूलो राजनीतिक शक्ति उसको लामो इतिहास भएको बताए। कांग्रेसले नेपालको लोकतान्त्रिक आन्दोलन र राजनीतिक परिवर्तनमा पुऱ्याएको योगदानको आफूले सधैँ सम्मान गर्ने बताउँदै उनले कांग्रेसको इतिहासबाट पाठ सिकेर अघि बढ्नुपर्ने धारणा राखे। लामिछानेले कांग्रेसको इतिहास उसको राजनीतिक पुँजी भए पनि त्यही इतिहास कमजोरीका रूपमा समेत रहेको बताए। विगतका उपलब्धि र कमजोरी दुवैबाट नयाँ पुस्ताले सिक्नुपर्ने उनको भनाइ थियो।

उनले कांग्रेसले नयाँ पुस्तालाई समयमै नेतृत्व र राजनीतिक अवसर दिएको भए आफू पनि कांग्रेसमै हुन सक्ने सम्भावना रहेको संकेत गरे।भाषण, नारा र घोषणापत्रमा मात्रै सीमित हुने राजनीति अब पर्याप्त नहुने भन्दै लामिछानेले जनताले दलको काम र परिणाम हेर्न थालेको बताए। काम गर्न नसके आगामी निर्वाचनमा जनताले निर्णय गर्ने भन्दै उनले जनताको मतको सम्मान गर्नुपर्ने बताए।

**प्रचण्ड :** गगनले देशको नेतृत्व गर्ने

बाँकी पृष्ठ ४

## निर्वाचनमा युवाहरूको सहभागिता बारेमा छलफल

❑ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १८ असोज

निर्वाचनमा युवाहरूको सहभागिताको बिषयमा कर्णाली प्रदेशको राजधानी सुर्खेतमा कार्यशाला सम्पन्न भएको छ।

आइतबार एकान्टबिलिटी ल्याब नेपालले आयोजना गरेको कार्यक्रममा सहभागी युवाहरूले राजनीतिमा युवाहरूलाई राम्रो अवसर भएको बताएका छन्।



राजनीतिमा युवाहरूको लागि सिर्जित अवसरहरू प्राप्तीको क्रममा आईपर्ने चुनौतीहरू चिर्नुपर्ने उनीहरूको भनाइ छ। कार्यशालामा सहभागी रूकुमपश्चिमका सुरक्षा डाँगीले बदलिएको व्यवस्था र विभिन्न कानूनी प्रावधानले युवाहरूलाई अवसरको ढोकामा पुऱ्याएको बताए।

क्षमतावान युवाहरूलाई राजनीतिमा राम्रा अवसर सिर्जना भएकोले यसलाई सकारात्मक रूपले लिनुपर्ने डाँगीको बुझाइ छ।

कालिकोटका आशीका भट्टराईले निर्वाचन पर्यवेक्षणदेखि राजनीतिक गतिविधिको संलग्नतामा युवाहरू अग्रसर हुने क्रम बढीरहेको बताए। राजनीति मुलुकको मूल नीति हो भनेर दल र व्यवस्था बुझेर राजनीतिमा होमिएका युवाहरू कमै भएकोले निर्णायक भूमिकामा जान नसकेको उाको भनाइ छ।

सिम्ता सुर्खेतका कमल परियारले राजनीतिमा लागेर दलको एजेण्डा र पदको जिम्मेवारी नबुझेसम्म युवाहरूले देश हाँक्न नसक्ने बताए। दलहरूको प्रतिनिधि छनौटमा

बाँकी पृष्ठ ४

## सम्पादकीय

# न जनशक्ति, न पूर्वाधार : कसरी चल्छ कर्णालीको ट्राफिक ?

कर्णालीमा सडक विस्तारको क्रम बढिरहेको छ । गाउँ-गाउँमा सडक पुगेका छन्, सवारीसाधनको संख्या बढिरहेको छ र सडकमा आवागमन पनि बढ्दो छ । तर सडकमा नागरिकको सुरक्षित यात्रा सुनिश्चित गर्ने ट्राफिक व्यवस्थापन भने अझै पुरानै क्षमतामा चलिरहेको छ । जिम्मेवारी थपिँदै गएको छ, तर त्यसअनुसार जनशक्ति र पूर्वाधार थपिएको छैन । यस्तो अवस्थामा ट्राफिक प्रहरीले कसरी प्रभावकारी काम गर्न सक्छ ? कर्णालीमा करिब ९ हजार ६८७ किलोमिटर सडक सञ्जाल छ । यति ठूलो सडक क्षेत्रको निगरानी, सवारी व्यवस्थापन, नियम कार्यान्वयन, दुर्घटना न्यूनीकरण र सडक अनुशासन कायम गर्ने जिम्मेवारी ट्राफिक प्रहरीको हो । तर त्यसअनुसार पर्याप्त जनशक्ति छैन । औसतमा एक ट्राफिक प्रहरीले करिब ४५ किलोमिटर सडक हेर्नुपर्ने अवस्था छ । कर्णालीको भौगोलिक कठिनाइलाई समेत जोड्दा यो जिम्मेवारी सामान्य होइन ।

ट्राफिक प्रहरीलाई सडकमा उभिएर सवारी जाँच गर्ने जनशक्तिका रूपमा मात्र बुझ्नु हुँदैन । दुर्घटना रोक्नेदेखि सडक अनुशासन कायम गर्ने, चालकलाई सचेत गराउने, दुर्घटनास्थलमा पुग्ने, उद्धार तथा व्यवस्थापनमा सहयोग गर्ने र सवारी चाप व्यवस्थापन गर्नेसम्मका जिम्मेवारी उनीहरूमाथि छन् । तर यी कामका लागि आवश्यक जनशक्ति, आधुनिक प्रविधि र भौतिक पूर्वाधार पर्याप्त छैनन् । कर्णालीमा सडकको अवस्था पनि चुनौतीपूर्ण छ । कतिपय सडक साँघुरा छन्, घुम्ती र भिरालो भूभाग छन् । दुर्घटनाप्रवण क्षेत्रको पहिचान र निगरानीका लागि आवश्यक उपकरण, सडक संकेत तथा अन्य सुरक्षा संरचना पर्याप्त छैनन् । अर्कोतर्फ बढ्दो सवारी चाप र दुर्घटनाको तथ्यांकले जोखिम झन् बढिरहेको देखाउँछ । आर्थिक वर्ष २०८१/८२ मा १ हजार ८६ सवारी दुर्घटना भएकामा २०८२/८३ मा १ हजार १९७ पुगेका छन् ।

यस्तो अवस्थामा दुर्घटना बढेपछि ट्राफिक प्रहरीलाई मात्र दोष दिनु अन्याय हुन्छ । राज्यले काम गर्ने साधन र जनशक्ति नदिई परिणाम खोजिरहेको छ । सीमित जनशक्तिले हजारौं किलोमिटर सडकको निगरानी गर्नुपर्ने अनि दुर्घटना भएपछि जवाफदेही पनि ट्राफिक प्रहरी नै हुनुपर्ने अवस्था सुधारिनुपर्छ । अब सरकारले कर्णालीको सडकको लम्बाइ र सवारी चापका आधारमा ट्राफिक प्रहरीको वैज्ञानिक दरबन्दी निर्धारण गर्नुपर्छ । दुर्घटनाग्रस्त क्षेत्रमा थप जनशक्ति परिचालन, आधुनिक सञ्चार तथा अनुगमन उपकरण, सवारी जाँचका आवश्यक साधन र सडक सुरक्षा पूर्वाधार तत्काल विस्तार गर्नुपर्छ । प्रदेश सरकारले पनि संघीय सरकारसँग जनशक्ति र स्रोत माग गरेर आफ्नो भूमिका स्पष्ट गर्नुपर्छ । ट्राफिक प्रहरीलाई केवल ड्युटीमा खटाएर सडक सुरक्षित हुँदैन । काम गर्ने जनशक्ति, साधन र पूर्वाधार दिएपछि मात्रै परिणाम खोज्न सकिन्छ । कर्णालीमा सडक विस्तारको गति तीव्र छ भने त्यसको सुरक्षा संयन्त्र पनि त्यही गतिमा विस्तार हुनुपर्छ ।

## निर्धारित...

कामसमेत समानान्तर रूपमा अगाडि बढाइएको उनले बताए । निर्धारित समयमै खेलकुद प्रतियोगिता हुन्छ, त्यसको सुनिश्चितता भइसकेको छ, मेहताले भने । उनका अनुसार प्रतियोगितालाई सफल बनाउन संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक समन्वय तथा सहकार्य भइरहेको छ ।

मूल आयोजक समितिले प्रतियोगितालाई निजी संघ-संस्था तथा सबै सरोकारवाला निकायको सहभागितामा सञ्चालन गर्ने निर्णयसमेत गरेको छ । सार्वजनिक-निजी साझेदारी (पीपीपी) अवधारणा अवलम्बन गर्दै प्रायोजकसँग समझदारीपत्र (एमओयू) गरी प्रतियोगिता व्यवस्थापनमा सहकार्य गर्ने तयारी छ । त्यसैगरी प्रतियोगिता सञ्चालनका लागि विषयगत उपसमिति गठन गर्ने निर्णय गरिएको छ ।

दसौँ राष्ट्रिय खेलकुदसँगै प्रथम पारा राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि समेत आवश्यक तयारी अघि बढाइएको छ । पारा राष्ट्रिय खेलकुद भने मंसिर १५ गते सञ्चालन गर्ने तयारी रहेको राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव मेहताले जानकारी दिए । कर्णालीमा पहिलोपटक राष्ट्रिय खेलकुदको ठूलो संस्करण आयोजना हुन लागेकाले यसलाई प्रदेशको खेलकुद विकासका लागि महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ । खेल पूर्वाधारको विकास, खेलाडीको प्रतिभा पहिचान, स्थानीयस्तरमा खेलकुदको विस्तार तथा पर्यटन प्रवर्द्धनमा समेत प्रतियोगिताले योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

राष्ट्रिय खेलकुद परिषद्ले प्रतियोगिता सफल बनाउन खेल संघ, स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार, निजी क्षेत्र तथा अन्य सरोकारवाला निकायबीच निरन्तर समन्वय र सहकार्यलाई प्राथमिकता दिएको जनाएको छ । अहिलेको तयारीअनुसार पूर्वाधार, खेल सामग्री, खेलस्थल, आवास तथा व्यवस्थापनका कामलाई समयमै पूरा गरी मंसिर १६ गतेदेखि दसौँ राष्ट्रिय खेलकुद सुरु गर्ने लक्ष्य राखिएको छ ।

# नेपाललाई अवकाश जीवनको गन्तव्य बनाउन सकिँदैन ?



✍ सुरेन्द्र नेपाल श्रेष्ठ

डा. निर्मल कँडेलको लेख पढेपछि केही कुरा मनमा खेलिरहेका छन् । उठाउन खोजिएका केही विषय उचित नै छन् । तर, देशकै एक बौद्धिक व्यक्तिको यस्तो लेखाइले विदेशमा बस्ने र उतैको नागरिकता लिएका आमनेपालीलाई कस्तो प्रभाव पार्ला भन्ने प्रश्न पनि स्वाभाविक रूपमा उठ्छ ।

लेखकले कसैको मनमा ठेस लाग्यो भने आफूले ठीक निसाना लगाएको ठान्ने बताउनुभएको छ । मलाई ठेस लागेर यो लेख लेखेको होइन । उहाँको लेखमा उठाइएको एउटा महत्त्वपूर्ण प्रश्नबाट अर्को बहस सुरु गर्न मन लागेको हो । दोहोरो नागरिकता ठीक वा बेठीक भन्ने बहसमा अहिले प्रवेश गरेको छैन । त्यसबारे अन्य लेखमा आउनेछु । यो लेख जन्माउने वातावरण बनाइदिनुभएकोमा कँडेलजीलाई धन्यवाद । सम्भवतः मैले जीवनमा धेरैपटक पढेको लेख हो यो । यसलाई एउटा छेउ समातेर मात्र लेखिएको भनेर बचाउ गर्नुहुने छैन । अन्य विषयमा बिस्तारै लेख्दै जानेछु ।

'देशप्रेम कि रिटायरमेन्ट प्लान ? नागरिकता त्याग्ने, नैतिक ठेक्का नत्याग्ने ?' भन्ने लेखमा उहाँले प्रश्न गर्नुभएको छ । कलिलो उमेरमा देश छोड्ने, नागरिकता र राहदानी त्याग्ने, दुई-तीन दशक नेपालसँग लगभग सम्बन्धविहीन हुने अनि अवकाश नजिकिँदै गएपछि अचानक देशप्रेम जाग्ने । कतै यो देशप्रेमभन्दा बढी अवकाश जीवनको योजना त होइन ?

यहाँबाट अर्को प्रश्न उठ्छ । विदेशी नागरिकता लिएका नेपालीले अवकाशपछि नेपालमा बस्न चाहनु गलत हो ? विदेशी नागरिकता लिएकाहरू सबैले त्यही देशमा जीवन बिताएर त्यहीँ मर्नुपर्ने हो ? विदेशमा आफ्नो जीवनको ठूलो हिस्सा बिताएर कमाएको पैसा, पेन्सन र बचत लिएर नेपालमा बस्न चाहनुलाई केवल स्वार्थका रूपमा हेर्न मिल्छ ?

अझ कँडेलजीकै अर्को लेख 'करले होइन, उत्पादनले बन्छ देश'मा बजारले सम्पत्ति सिर्जना गर्छ र अन्ततः करले होइन, उत्पादनले देश बन्छ भन्ने तर्क छ । त्यसो हो भने विदेशमा कमाएको पेन्सन, बचत र आम्दानी लिएर नेपालमा बस्ने अवकाशप्राप्त नेपालीले यहाँ घरभाडा तिर्ने, खाना खाने, स्वास्थ्य सेवा लिने, यातायात प्रयोग गर्ने, बजारमा खर्च गर्ने र स्थानीय सेवा उपयोग गर्ने कामलाई पनि अर्थतन्त्रकै एउटा गतिविधिका रूपमा हेर्नुपर्ने होइन र ?

'उत्पादन'को अर्थ कारखानाबाट वस्तु उत्पादन गर्नुमा मात्र सीमित हुँदैन । आधुनिक सेवा अर्थतन्त्रमा मानिसले कुनै देशमा बसेर गर्ने खर्चले पनि उत्पादन र रोजगारीको चक्र चलाउँछ । विदेशबाट पेन्सन लिएर नेपालमा बस्ने एक अवकाशप्राप्त व्यक्तिले आफ्नो पेन्सन नेपालमै खर्च गर्छ भने त्यो रकम नेपाली घरधनी, स्वास्थ्यकर्मी, पसले, यातायात व्यवसायी, होटल, रेस्टुरेन्ट, बैंक, सञ्चार कम्पनी र अन्य सेवाप्रदायकको आम्दानी बन्छ । उनीहरूले फेरि त्यही आम्दानी खर्च गर्छन् । यसरी एउटा अवकाशप्राप्त व्यक्तिको बाह्य आम्दानी स्थानीय अर्थतन्त्रमा पटक-पटक घुम्न सक्छ । त्यसैले यस्तो व्यक्तिलाई केवल 'अवकाश सुविधा लिन आएको व्यक्ति' भनेर हेर्नुभन्दा विदेशी मुद्रा वा बाह्य आम्दानी भित्र्याउने दीर्घकालीन आर्थिक सहभागीका रूपमा पनि बुझ्न सकिन्छ ।

हामीले पर्यटनलाई प्रायः केही दिनका लागि नेपाल आउने मानिससँग जोडेर हेर्दै आएका छौँ । हिमाल हेर्न आउने, पदयात्रा गर्ने, धार्मिक तथा सांस्कृतिक स्थल घुम्ने, होटलमा बस्ने र आफ्नो देश फर्किने । तर, विश्व बदलिँदै गएको छ । मानिसको औसत आयु बढिरहेको छ र धेरै देशमा वृद्ध जनसंख्या तीव्र गतिमा बढिरहेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार २०२० मा विश्वमा ६० वर्ष वा त्यसभन्दा माथिका मानिसको संख्या करिब एक अर्ब थियो । २०३० सम्ममा यो संख्या १.४ अर्ब र २०५० सम्ममा २.१ अर्ब पुग्ने अनुमान छ । त्यसैले अवकाशपछि कहाँ र कसरी जीवन बिताउने भन्ने विषय पनि विस्तार हुँदै गएको एउटा ठूलो आर्थिक क्षेत्र हो ।

नेपालले यस्तो सम्भावनाबारे सोचेकै छैन भन्ने पनि होइन । अध्यागमन विभागले ६० वर्ष वा सोभन्दा माथिका विदेशी तथा अवकाशप्राप्त व्यक्तिका लागि नेपालमा कुनै व्यवसाय नगरी बस्न पाउने आवासीय भिसाको व्यवस्था गरेको छ । निश्चित बैंक मौज्दात, नियमित आम्दानी, स्वास्थ्य तथा चरित्र प्रमाणपत्रलगायतका सर्तसहित यस्तो भिसा दिइन्छ । वार्षिक शुल्कसमेत तोकिएको छ । यसको अर्थ कानुनी ढोका पहिले नै खोलिएको छ । प्रश्न यति हो, के हामीले यसलाई छुट्टै आर्थिक सम्भावनाका रूपमा बुझेर अगाडि बढाएका छौँ ?

पर्यटक केही दिन बस्छ । अवकाशप्राप्त व्यक्ति छ महिना, एक वर्ष वा अझ लामो समय बस्न सक्छ । उसले होटलमा मात्र खर्च गर्दैन । घर भाडामा लिन्छ, स्थानीय बजारमा सामान किन्छ, स्वास्थ्य सेवा प्रयोग गर्छ, यातायात चलाउँछ, इन्टरनेट जोड्छ, मनोरञ्जन गर्छ र विभिन्न स्थानीय सेवा प्रयोग गर्छ । त्यसैले लामो समय बस्ने व्यक्ति पर्यटक मात्र होइन, स्थानीय अर्थतन्त्रको नियमित उपभोक्ता पनि हो ।

लालबाबु पण्डितले ११ वर्षभन्दा अघि पढाएको पाठ घोकेर बसेर होइन, नेपाल र नेपालीको अहिलेको वस्तुगत अवस्थाका आधारमा डायस्पोरासँग सहकार्य गर्न कानुन परिमार्जन गर्नु आजको आवश्यकता हो । नागरिकताको निरन्तरता सबैका लागि हितकर हुने र सहमति गर्नैपर्ने विषय हो ।

थाइल्यान्ड, मलेसिया र स्पेनजस्ता देशले फरक फरक प्रकारका दीर्घकालीन बसाइका व्यवस्था गरेका छन् । उनीहरूले अवकाशप्राप्त वा पर्याप्त आम्दानी भएका विदेशीलाई लामो समय बसाउनुलाई पर्यटन र सेवा अर्थतन्त्रसँग जोडेर हेरेका छन् । नेपालले उनीहरूको नक्कल गर्नु पर्दैन । तर, एउटा कुरा सिक्न भने सकिन्छ । मानिसलाई केही दिन घुमाएर पठाउनेभन्दा केही महिना वा वर्ष बस्ने वातावरण बनाउन सकियो भने आर्थिक गतिविधिको दायरा पनि फराकिलो हुन्छ ।

नेपालका लागि अझ ठूलो सम्भावना विदेशीभन्दा नेपाली मूलका प्रवासी हुन सक्छन् । बेलायत, अमेरिका, अस्ट्रेलिया, क्यानडा र युरोपका विभिन्न देशमा दशकौँ बिताएका धेरै नेपाली अहिले अवकाशको चरणमा प्रवेश गर्दै छन् । विदेशमा घर, पेन्सन र बचत भएका उनीहरूमध्ये कतिपयले अवकाशपछि वर्षको केही महिना नेपालमा बिताउन चाहे भने त्यो नेपालका लागि आर्थिक र सामाजिक दुवै दृष्टिले महत्त्वपूर्ण हुन सक्छ ।

नेपालमा घर लिनु, बजारमा खर्च गर्नु, स्वास्थ्य सेवा प्रयोग गर्नु, देशका विभिन्न ठाउँमा यात्रा गर्नु आफैँमा आर्थिक गतिविधि हो । रिटायरमेन्ट जीवन बिताउन नेपालमा बस्नु त झन् राम्रो हो भन्ने लाग्छ । विदेशमा कमाएको रकम पनि नेपाल जाने भयो, पेन्सन-भत्ता पनि नेपालमा सेवा प्राप्ति गर्न खर्च हुने भयो । त्यसबाट देशभित्र रोजगारी र उत्पादन दुवै बढ्ने भयो । यी मान्छेहरू विदेशमा पहिला बसेका हुन् भन्ने पूर्वाग्रह र रिस उठ्नु सकारात्मक पक्ष होइन । नकारात्मक भावना हो ।

विदेशमा बसेको नेपालीका लागि नेपालमा अवकाश जीवन बिताउनु केवल पैसा बचाउने कुरा मात्र होइन । यो भाषा, खाना, संस्कृति, आफन्त, साथीभाइ र पुराना सम्झनासँग फेरि जोडिने कुरा पनि हो । बेलायतमा तीस वर्ष बिताएको कुनै नेपालीले अवकाशपछि वर्षको चार वा छ महिना नेपालमा बिताउन थाल्यो भने उसले विदेशबाट ल्याएको पैसा यहीँ खर्च गर्छ । त्यो पैसा फेरि नेपाली अर्थतन्त्रमा घुम्छ ।

तर, नेपाललाई अवकाश गन्तव्य बनाउने कुरा सस्तो भएकै कारण सम्भव हुँदैन । उमेर बढ्दै जाँदा मानिसले सबैभन्दा पहिले सुरक्षा र स्वास्थ्य खोज्छ । राम्रो अस्पताल, आकस्मिक सेवा, औषधि, स्वास्थ्य बीमा, सुरक्षित आवास, भरपर्दो यातायात, इन्टरनेट र सहज प्रशासन आवश्यक हुन्छ । त्यसैले यो पर्यटन मन्त्रालयको मात्र विषय होइन । स्वास्थ्य, अध्यागमन, अर्थ, शहरी विकास, यातायात, स्थानीय सरकार र निजीक्षेत्र सबै जोडिने विषय हो ।

यसलाई शहरमा मात्र सीमित गर्नुपर्ने पनि छैन । पोखरा, चितवन, धरान, बुटवल वा सम्भावित पहाडी क्षेत्रका केही स्थानलाई वरिष्ठ नागरिकमैत्री शान्त बस्तीका रूपमा विकास गर्न सकिन्छ । सडक, विद्युत्, खानेपानी, इन्टरनेट, स्वास्थ्य र सुरक्षा पुगेका गाउँहरू पनि अवकाश जीवनका आकर्षक गन्तव्य बन्न सक्छन् । विदेशमा तीन-चार दशक बिताएको नेपालीले अवकाशपछि आफ्नै देशको शान्त वातावरण रोज्न सक्छ ।

अवकाशप्राप्त मानिससँग पैसा मात्र हुँदैन, अनुभव पनि हुन्छ । विदेशमा दशकौँ काम गरेको शिक्षकले पढाउन सक्छ, इन्जिनियरले प्राविधिक ज्ञान बाँड्न सक्छ, व्यवसायीले उद्यमशीलताको अनुभव दिन सक्छ र स्वास्थ्यकर्मीले स्वयंसेवा गर्न सक्छ । त्यसैले उनीहरूलाई केवल खर्च गर्न आउने मानिसका रूपमा होइन, समय, अनुभव र सम्बन्ध लिएर आउने सम्भावित सामाजिक स्रोतका रूपमा पनि हेर्नुपर्छ ।

हामीले वर्षौंदेखि विदेशमा रहेका नेपालीलाई नेपालमा लगानी गर्न आह्वान गर्दै आएका छौँ । लगानी भनेको कम्पनी खोल्नु वा उद्योग चलाउनु मात्र होइन । नेपालमा बस्नु पनि एउटा आर्थिक योगदान हो । घर लिनु, खाना खानु, स्वास्थ्य सेवा लिनु, यात्रा गर्नु, स्थानीय सेवा प्रयोग गर्नु र आफ्नो अनुभव बाँड्नु पनि अर्थतन्त्रसँग जोडिन्छ ।

त्यसैले नेपालले 'अवकाश नेपाल'जस्तो अवधारणाबारे सोच्न सक्छ । अहिलेको आवासीय भिसालाई सरल र व्यवस्थित बनाउने, स्वास्थ्य बीमा र बैंकिङ सहज बनाउने, ज्येष्ठ नागरिकमैत्री आवास विकास गर्ने र विदेशी तथा नेपाली मूलका प्रवासीका लागि स्पष्ट सूचना तथा सेवा व्यवस्था गर्ने हो भने केही हजार मानिसबाटै सुरुवात गर्न सकिन्छ ।

अवकाश जीवनको गन्तव्य बनाउने कुरा विदेशीलाई बोलाउने योजना मात्र होइन, यो त हामीले कस्तो नेपाल बनाउन चाहेका छौँ भन्ने प्रश्न पनि हो । यस्तो नेपाल जहाँ मानिस घुम्न मात्र होइन, केही समय बस्न पनि चाहोस् । जहाँ अवकाश निष्क्रिय भएर बस्ने अवस्था होइन, जीवनको अर्को चरण आफ्नै ढंगले जिउने अवसर बनोस् । जहाँ विदेशमा जीवन बिताएका नेपालीले पनि एक दिन भन्न सकून्, अब केही समय आफ्नै ठाउँमा बसौँ ।

त्यसैले प्रश्न नेपाललाई अवकाश जीवनको गन्तव्य बनाउन सकिन्छ कि सकिँदैन भन्ने मात्र होइन । यति धेरै सम्भावना भएको देशले यसलाई आर्थिक, सामाजिक र मानवीय अवसरका रूपमा हेर्न अझै किन सुरु नगर्ने भन्ने हो । पढेलेखेर संसार घुमेर विदेशमा नै बस्ने विद्वान्हरूले नेपालको ढोका खोल्ने बहस गर्नुपर्ने ठाउँमा ढोका बन्द गर्ने तर्क अघि सार्दा देशलाई के-के कुरामा फाइदा हुन्छ भन्ने प्रश्नचाहिँ हामीले गर्नैपर्छ ।

लालबाबु पण्डितले ११ वर्षभन्दा अघि पढाएको पाठ घोकेर बसेर होइन, नेपाल र नेपालीको अहिलेको वस्तुगत अवस्थाका आधारमा डायस्पोरासँग सहकार्य गर्न कानुन परिमार्जन गर्नु आजको आवश्यकता हो । नागरिकताको निरन्तरता सबैका लागि हितकर हुने र सहमति गर्नैपर्ने विषय हो ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

# बढ्दो सल्लाको वन, घट्दो शारदा नदी

कांक्रेविहार संवाददाता
सल्यान, १८ असोज

सल्यानमा एकातिर सल्लाको जङ्गल फैलिँदै गएको छ, अर्कातिर जिल्लाको प्रमुख नदी शारदाको बहाव बर्सेनि घट्दै गएको छ। गर्मी र सुक्खायाममा नदीको सतह घट्दै जानु, मुहान तथा साना खोलामा पानीको मात्रा कम हुनु र हावाहुरीले सल्लाका रुख ढल्नुले सल्यानको वन, जलस्रोत र भूउपयोगबारे गम्भीर प्रश्न उठाएको छ।

सल्यानको करिब ५० देखि ५५ प्रतिशत वनक्षेत्रमा सल्लाको बाहुल्य रहेको डिभिजन वन कार्यालयले जनाएको छ। पछिल्लो असोज १० र ११ गतेको भीषण हावाहुरीले जिल्लाभर करिब २० हजार रुख क्षति भएको कार्यालयको प्रारम्भिक अनुमान छ। क्षतिको यकिन विवरणका लागि जिल्लाका विभिन्न सबडिभिजन वन कार्यालयबाट लागत सङ्कलन



भइरहेको डिभिजन वन कार्यालय सल्यानका प्रमुख रमेशकुमार गिरीले बताए।

प्राकृतिक सुन्दरता र हरियालीका हिसाबले सल्लाले सल्यानलाई छुट्टै पहिचान दिएको छ। दाङबाट कपुरकोट हुँदै जिल्ला प्रवेश गर्दा होस् वा राप्ती राजमार्गमा यात्रा गर्दा, सडकका दुवैतर्फ देखिने बाक्ला सल्लाघारीले सल्यानको पहाडी भूगोलको आकर्षण बढाएको छ तर यही हरियालीभित्र जलस्रोत र जैविक विविधतामाथि दीर्घकालीन असरको जोखिम रहेको विज्ञले जनाएको छ। वनस्पतिविज्ञ तथा वैज्ञानिक अधिकृत डा. मित्र पाठकका अनुसार सल्लाको वनले सकारात्मक र नकारात्मक दुवै प्रभाव पार्दछ। नाङ्गो तथा कम उर्वर जमिनमा समेत हुर्कन सक्ने भएकाले भूक्षय रोक्न र हरियाली कायम गर्न सल्ला उपयोगी भए पनि प्राकृतिक मिश्रित वनको तुलनामा सल्लाको एकल वनले जैविक विविधतामा चुनौती थप्न सक्छ।

सल्लाका सुइरा लामो समयसम्म नगल्ने भएकाले जमिनको सतहमा बाक्लो तह बन्ने, अन्य वनस्पतिको वृद्धि प्रभावित हुने र डढेलोको जोखिम बढ्ने डा. पाठक बताउँछन्। सल्लाको एकल वनले स्थानीय वनस्पति तथा वन्यजन्तुलाई उपलब्ध हुने आहार र वासस्थानको विविधता घट्न सक्ने उनको भनाइ छ।

सल्यानको प्रमुख नदी शारदा जिल्लाको कृषि उत्पादन र जनजीवनसँग प्रत्यक्ष जोडिएको छ तर पछिल्ला वर्षमा शारदाको बहाव सुक्खायाममा घट्दै जान थालेको स्थानीयको अनुभव छ। चैत, वैशाख र जेठमा नदीको पानी घट्दै गएकाले भविष्यमा पानी सुरक्षामाथि प्रश्न उठाएको छ। यस्तै अग्ला सल्लाका हजारौं रुख ढल्दा सडक अवरुद्ध हुनुका साथै विद्युत् प्रसारण तथा वितरण संरचनामा क्षति पुगेको छ। सल्ला ढल्नुको कारण जराको संरचना, भूगोल, माटोको अवस्था र रुखको आकारसमेत रहने गर्छ। भिरालो तथा चट्टानी भूभागमा सतहनजिक फैलिएका जराको पकड कमजोर हुँदा बर्खायाममा माटो खुकुलो भएको अवस्थामा तीव्र हावाले रुख उखेल्न सक्ने डा. पाठकको भनाइ छ।

# छ महिनापछि मार्तडी-कोल्टी सडक पुनः सञ्चालन

कांक्रेविहार संवाददाता
बाजुरा, १८ असोज

बाजुराको मार्तडी-कोल्टी सडक छ महिनापछि पुनः सञ्चालनमा आएको छ।

अविरल वर्षाका कारण पहिरोले अवरुद्ध बन्दै गएको मार्तडी-कोल्टी सडकको मर्मत सम्भार गरेसँगै गत शनिबारदेखि पुनः सञ्चालनमा आएको हो।

वर्षाको समय पानी पर्ने नरोकिएकोले मार्तडी-कोल्टी सडक मर्मत कार्यमा समस्या भएको थियो। मौसममा सुधार आएसँगै अहिले मर्मत गरेपछि सडक पनि पुनः सञ्चालनमा ल्याएको भौतिक पूर्वाधार विकास कार्यालय, अछामले जनाएको छ।

मार्तडी-कोल्टी सडक अवरुद्ध हुँदा यहाँका स्थानीयले विगत लामो समयदेखि आउजाउमा सास्ती खेप्दै आएका थिए। सडक सुचारु भएपछि उनीहरुको समस्या हटेको छ।

पहिरोको कारण विगत छ महिनादेखि मार्तडी-कोल्टी



सडक अवरुद्ध हुँदा गाडी कोल्टीमै रोकिएको बुढीनन्दा नगरपालिकाका स्थानीय जिप चालक रामबहादुर कार्कीले बताए। उनले भने, "जेठदेखि असोजको महिना गाडी मार्तडीसम्म चल्न नसकेपछि हामीलाई गाडीको किस्ता समेत तिर्न समस्या भयो।" शनिवारबाट बल्ल गाडी मार्तडी जानथालेपछि अब किस्ता तीर्न सहज हुन्छ की भन्ने आशा पलाएको चालक कार्कीले बताए।

मार्तडीदेखि कोल्टी सडक करिब ४२ किलोमिटर छ। यो सडक वर्खाको समय सधै अवरुद्ध हुने गर्छ। हिउँद सुरु भएसँगै अहिले छोटा दुरीका सवारी साधान मात्र सुचारु हुने गरेका हुन्। हिउँदको महिनामा यहाँ ठुलो बस समेत आउजाउ गर्ने गर्छन्। अहिले जिप सुचारु हुन थालेका छन्। भने बस अझै मार्तडीसम्म रोकिएका छन्।

बसका लागि बाटो अझै बन्न नसकेकोले बस दशै पछि मात्र चल्ने सम्भावना देखिएको छ। यहाँका किसानलाई भने जिप भन्दा पनि बस चाँडो सञ्चालनमा आए सहज हुने देखिएको छ।

जिपले मार्तडीदेखि एक हजार रुपैयाँ भाडा लिन्छ भने बसले पाँच सय मात्र भाडा लिने गर्छ। बस भन्दा जिपले बढी भाडा लिने गरेकोले जिपसँगै बस सञ्चालनमा आइदिएको भए हामीलाई निकै सहज हुने यहाँका स्थानीयबासी बताउँछन्।

जिल्लाको पूर्वी उत्तर क्षेत्रमा रहेका किसानको स्याउ तथा दशै तिहारमा दैनिक उपभोग्य सामाग्री ढुवानी र आउजाउमा सहज हुने गरी यती बेला मार्तडी कोल्टी सडकलाई स्थानीय तह तथा ठेकेदार मार्फत मर्मत गराएसँगै अहिले मार्तडी कोल्टी सडक पुनः सुचारु भएको जिल्ला प्रशासन कार्यालय, बाजुराले जनाएको छ।

# सम्भावना मरेको छैन, तर कृषक बाँच्न सक्ने अवस्था रहेनः मैनडाँडाबाट एउटा कृषकको अन्तरकथा

*"म कृषि छोड्न चाहन्नँ, तर आफ्नै २० वर्षको पसिना र परिवारको जीवनभरको कमाइ जोगाउन नसक्ने अवस्थामा पुगेपछि अब ऋण तिर्न मुग्लान पस्नुपर्ने बाध्यता आइलागेको छ।"*

दिलाराम आचार्य
सुर्खेत, १८ असोज

नमस्कार हजुर!

आज म आफ्नो जीवनको सबैभन्दा कठिन निर्णयको संघारमा उभिएको छु। झन्डै दुई दशकदेखि निरन्तर सञ्चालन गर्दै आएको आफ्नो कृषि तथा पशुपालन फार्म बिक्रीमा राखेको छु। यो निर्णय मेरो रहर होइन, परिस्थितिले थोपरेको बाध्यता हो।

मेरो संघर्ष, सम्भावना र चुनौती कसैले बुझेनन्। तीनै तहका राज्यका निकायको व्यवहारबाट आफूलाई एउटा अपराधीझैं महसुस गर्न थालेको छु। मैले कृषि क्षेत्रमा केही गर्छु भनेर देखेको सपना, गरेको लगानी र बगाएको पसिनाको मूल्य आज आफैंले बुझाउनुपर्ने अवस्था आएको छ।

फार्मलाई अझै लगानी चाहिएको छ, तर लगानी गर्ने स्रोत छैन। दिनानुदिन ऋण बढिरहेको छ। कामदार पाइँदैनन्। ऋणकै कारण घरमा दैनिक विवाद हुन्छ। ऋण झन्डै २० लाख रुपैयाँ पुगिसकेको छ। अहिले फार्ममा रहेका सबै पशु बेच्दा पनि ११-१२ लाख रुपैयाँ ऋण बाँकी रहने अवस्था छ।

तर मेरो वास्तविकता यतिमै सीमित छैन। मैले यो ठाउँमा केवल गाईभैंसी पालेर दूध उत्पादन गर्ने सपना देखेको थिइनँ। मेरो परिकल्पना एउटा एकीकृत, आधुनिक र आत्मनिर्भर कृषि प्रणाली निर्माण गर्ने थियो।

मेरो सपना एउटा फार्म मात्र थिएन

दूध उत्पादन मेरो मुख्य पेसा हो। त्यससँगै व्यावसायिक तरकारी खेती, फलफूल खेती, मौरीपालन, कालिजपालन, स्थानीय कुखुरापालन, माछापालन, जडीबुटी खेती तथा प्राङ्गारिक मल उत्पादनलाई एउटै प्रणालीमा जोड्ने योजना थियो।

गाईभैंसीको मललाई खेतबारीमा प्रयोग गर्ने, आवश्यकताभन्दा बढी भएको मललाई व्यवस्थित रूपमा प्राङ्गारिक मलका रूपमा उपयोग गर्ने र विभिन्न कृषि उत्पादनबाट आम्दानीका स्रोत विस्तार गर्ने मेरो सोच थियो।

मेरो विश्वासमा मैनडाँडाको जमिन, हावापानी, पानीको उपलब्धता र प्राकृतिक वातावरणलाई व्यवस्थित उपयोग गर्न सकियो भने यो क्षेत्र कृषि तथा पशुपालनका लागि अत्यन्तै सम्भावनायुक्त स्थान बन्न सक्छ।

यहाँ गर्मीमा प्राकृतिक शीतलता र जाडोमा तुलनात्मक रूपमा न्यानो वातावरण पाइन्छ। पशुपालनका लागि अत्यधिक चिस्याउने वा तताउने उपकरणमा निर्भर हुनुपर्ने अवस्था छैन। प्राकृतिक घाँससँगै मैले आफैं विस्तार गरेको उन्नत घाँस खेती छ। पर्याप्त जमिन र उपलब्ध स्रोतलाई व्यवस्थित गर्न सके धेरै प्रकारका उत्पादन एकै ठाउँमा सम्भव छन्।

मलाई लाग्छ, यस्तो प्राकृतिक अनुकूलता र कृषि सम्भावना भएको स्थानलाई सामान्य सहयोग र पूर्वाधारको अभावमा खेर जान दिनु हुँदैन।

घाँस थियो, तर त्यसलाई उपयोग गर्ने प्रणाली बनाउन सकिनँ

मसँग रहेको प्राकृतिक तथा उन्नत घाँस उत्पादन हुने जमिनलाई व्यवस्थित गर्न सके करिब ४०-५० वटा पशुलाई वर्षभरि घाँस खुवाउन सकिने मेरो आकलन थियो। मैले योजना बनाएको थिएँ–आधा घाँस दैनिक काटेर खुवाउने र बाँकी आधा घाँसलाई साइलेज (क्षविनभ) बनाएर सुरक्षित राख्ने।

यसरी वर्षायाममा उत्पादन हुने घाँसलाई खेर जान नदिई हिउँद र सुख्खायाममा समेत पशुका लागि उपयोग गर्न सकिन्थ्यो। हरेक वर्ष भुस र परालमा खर्च हुने लाखौं रुपैयाँ बचत हुने थियो। साइलेजको प्रयोगबाट दानाको खपत र पशुपालनको लागतसमेत घटाउन सकिन्थ्यो।

घाँस काट्ने मेसिनका लागि पनि मैले कुराकानी गरिसकेको थिएँ। करिब एक लाख रुपैयाँभित्रै उपलब्ध हुने मेसिनबाट एक व्यक्तिले छोटो समयमा धेरै घाँस काट्न सकिने जानकारी पाएको थिएँ।

त्यसैगरी दानामा हुने ठूलो मासिक खर्च घटाउन दाना उत्पादन गर्ने मेसिन र आवश्यक कच्चा पदार्थ कहाँबाट संकलन गर्न सकिन्छ भन्ने विषयमा समेत अध्ययन र कुराकानी गरेको थिएँ। आफ्नै आवश्यकताअनुसार विभिन्न कच्चा पदार्थ संकलन गरी पशुदाना आफैं उत्पादन गर्ने योजना थियो।

यसले दानाको लागत घटाउने, बाह्य निर्भरता कम गर्ने र पशुपालनलाई आर्थिक रूपमा दिगो बनाउने मेरो उद्देश्य थियो।

जमिन मिलाउनेदेखि घाँस ढुवानीसम्मको योजना तयार थियो

मसँग भएका बारी तथा खरबारीका भिरालो, अव्यवस्थित र खन्जोत गर्न कठिन जमिनलाई डोजरको सहायताले मिलाउने योजना थियो।

त्यहाँका अनावश्यक बुट्यान व्यवस्थापन गरी सम्भव भएसम्म दाउराका रूपमा उपयोग गर्ने सोच पनि थियो। जमिन मिलाइसकेपछि मसँग रहेको सय-डेढ सय ट्र्याक्टरभन्दा बढी गाईभैंसीको मल प्रयोग गरी जमिन उर्वर बनाउने, बीच भागमा नेपियरलगायत उन्नत घाँस लगाउने र किनार तथा उपयुक्त स्थानमा कागती, अन्य फलफूल, तरकारी र जडीबुटी खेती विस्तार गर्ने परिकल्पना थियो। जमिनको एक छेउबाट फार्मसम्म पुग्ने बाटो बनाएर ट्र्याक्टर वा अन्य सवारीसाधनबाट घाँस ढुवानी गर्ने व्यवस्था मिलाउन चाहन्थेँ।

यसरी काम गर्न सके घाँस काट्न र बोक्न धेरै कामदार चाहिने थिएनन्। उत्पादन लागत घट्थ्यो, काम छिटो हुन्थ्यो र श्रमिकको अभावले फार्म सञ्चालनमा पर्ने समस्या कम हुन्थ्यो।

अर्थात्, मैले कामदार नपाउने समस्याको समाधान खोजिरहेको थिएँ। परम्परागत रूपमा हात र पाखुराले मात्रै काम गर्नुपर्ने बाध्यतालाई प्रविधि र व्यवस्थापनबाट हटाउने प्रयासमा थिएँ।

तर यी योजना कागज र मेरो मनभित्रै सीमित भए।

सहयोग माग्दा पनि कृषक भएको अनुभूति गर्न सकिनँ

मेरो सबैभन्दा ठूलो गुनासो यही हो–मैले गरेको संघर्ष, उत्पादन र योजनालाई राज्यका कुनै निकायले गम्भीरतापूर्वक हेरेनन्।

स्थानीय सरकारबाट मैले धेरै अपेक्षा गरेको थिएँ। प्रदेश सरकार पनि नजिकै छ। तर मेरो फार्मको वास्तविक अवस्था, सम्भावना र चुनौती बुझ्न एक दिनसम्म पनि कोही आइपुगेनन्।

मैले आफैं दूध उत्पादन गरें, आफैं बजारसम्म पुऱ्याएँ र आफैं बिक्री गरें। तर उत्पादनमा आधारित कृषक प्रोत्साहन रकम पाउनुपर्ने मेरो दाबीसमेत सम्बोधन हुन सकेन। एउटा सामान्य मिनिटिलरको मागका लागि वर्षौंसम्म गुहार्नुपर्ने अवस्था आयो।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# वर्षा र हावाहुरीले २५ लाख बराबरको तरकारी नष्ट

❐ काँक्रेविहार संवाददाता
नेपालगन्ज, १८ असोज

गत साता भएको लगातारको वर्षा र हावाहुरीले नेपालगन्ज -१९ मा दुईसय कठ्ठा खेतमा तयार रहेको २५ लाख रुपियाँभन्दा बढी रुपियाँ बराबरको तरकारी नष्ट भएको छ।

नेपालगन्जको तरकारी मुख्य पकेटक्षेत्र मानिने नेपालगन्ज -१९ जानकी टोलमा ३७० कठ्ठामा गरिएको खेतीबाट उत्पादन भएर बिक्रीका लागि तयार भएको तरकारीमध्ये २०० कठ्ठाको अर्ग्यानिक तरकारीलाई वर्षाले नष्ट गरेको हो।

तरकारी खेतीमा लागेका जानकी टोलका किसानहरुमध्ये सबैंभन्दा बढी खेती गर्ने अगुवा किसान गोपी यादवले गाउँको ६० परिवारले ३७० कठ्ठामा गरेको तरकारी खेतीमध्ये २०० कठ्ठाको २५ लाख रुपियाँभन्दा बढीको तरकारी बर्षा र हावाहुरीले नष्ट गरेको बताए।

उनले यसअघि दैनिक १० क्विन्टल अर्ग्यानिक तरकारी नेपालगन्ज लगायतका बजारमा पठाउने गरेकोमा अहिले दैनिक दुईदेखि तीन क्विन्टल मात्र पठाउन सकिएको जनाए।



बिक्रीका लागि खेतमा तयार अवस्थामा रहेको ६० जना किसानको चिचिण्डा, घेरौला, काँक्रा र लौकालाई बर्षाले नष्ट पारेपछि तरकारी खेतीमा लागेका अधिकांश किसान निराश भएका छन्।

जानकी टोलकै अर्का किसान भर्री कुर्मीले खेतमा रहेको आधाभन्दा बढी तरकारी बर्षा र हावाहुरीबाट नष्ट भएपछि आम्दानी पनि आधा नै हुने भएकोले चिन्ता बढाएको बताए।

उनका अनुसार बर्षाले तरकारीसँगै गाउँको ३० कठ्ठामा आगामी सिजनका लागि रोपिएको खुर्सानीका बिरुवा र १० कठ्ठामा लगाइएको टमाटरलाई पनि क्षति गरेको छ।

बेमौसमको बर्षा र हावाहुरीले गर्दा तरकारी खेतीमा ठुलो क्षति पुगेपछि अधिकांश किसानले क्षतिपूर्ति र बिमाको माग गरेका छन्। जानकी टोलकै युवा किसान सुरज यादवले सरकारले किसानलाई नष्ट भएको तरकारीको क्षतिपूर्ति दिनुपर्ने र तरकारी खेतीको बिमा हुने व्यवस्था गर्नुपर्ने माग गरे।

हावाहुरी र बर्षाले तयार रहेको आधाभन्दा बढी तरकारी नष्ट गरेपछि जानकी टोलका किसानहरु प्रल्हाद धोबी, सुन्दर लोनिया र किसान धोबी लगायतले स्थानीय, प्रदेश र संघीय सरकारले किसानलाई सहयोग गर्नुपर्ने माग गरे।

यसैविच कृषि ज्ञान केन्द्र बाँकेले नेपालगन्जको जानकी टोलमा मात्र नभइ जिल्लाको अन्य विभिन्न स्थानबाट पनि तरकारी खेती, धान खेती र तोरी खेतीमा क्षति भएको जानकारी आएको जनाउँदै क्षतिको विवरण संकलन भइरहेको जनाएको छ।

कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी सुजिता शर्माले अविरल बर्षा र हावाहुरीले कृषिमा धेरै क्षति भएको प्रारम्भिक जानकारी आए पनि पूर्ण विवरण नआएको बताए।

## काँग्रेस...

बेला आएको छ

नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले काग्रेस सभापति गगन थापाले देशको नेतृत्व गर्ने अवस्था आएको बताएका छन्।

कांग्रेस महाधिवेशन उद्घाटन समारोहमा बोल्दै प्रचण्डले आफू प्रधानमन्त्री हुँदा गगन थापा आफ्नो मन्त्रिपरिषद्मा स्वास्थ्य मन्त्री रहेको स्मरण गरे।

उनले त्यतिबेलै गगनले देशको नेतृत्व गर्ने समय आउन सक्ने आफूले बताएको उल्लेख गर्दै अहिले उनको काँधमा ठूलो जिम्मेवारी आएको बताए।

प्रचण्डले कांग्रेस सभापति थापालाई सबै पक्षलाई समेटेर अघि बढ्न सुझाव दिए। नयाँ पुस्ताका नाममा पुरानो पुस्तालाई अपमान गर्ने प्रवृत्ति उचित नभएको उनको भनाइ थियो।

**शंकर पोखरेल : कांग्रेससँग मिलेर काम गर्न एमाले तयार**

नेकपा एमालेका महासचिव शंकर पोखरेलले लोकतन्त्र, सार्वभौमसत्ता, विकास र समृद्धिको पक्षमा नेपाली कांग्रेससँग मिलेर काम गर्न एमाले तयार रहेको बताए।

मुलुक विभिन्न चुनौतीबाट गुज्रिरहेको उल्लेख गर्दै उनले राष्ट्रियताका प्रश्नमा राजनीतिक दलहरू एक ठाउँमा उभिनुपर्ने धारणा राखे। जलवायु परिवर्तनका कारण नेपालमा प्राकृतिक विपत्तिको जोखिम बढिरहेको भन्दै पोखरेलले विपत्तिको सामना गर्न राजनीतिक दलबीच सहकार्य आवश्यक रहेको बताए।

**राजेन्द्र लिङदेन : देश अँध्यारो सुरुङतर्फ**

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङदेनले देश अहिले अँध्यारो सुरुङतर्फ प्रवेश गरेको टिप्पणी गरे।

पछिल्लो ६ महिनामा राजनीतिक पात्रहरू बदलिए पनि देशको अवस्थामा सुधार नआएको, बरु अवस्था झन् बिग्रिएको उनको दाबी थियो। कांग्रेसको १४ औं महाधिवेशनमा आफूले दिएको भाषण स्मरण गर्दै लिङदेनले त्यसबेला नेताहरूप्रति जनताको धारणा र अहिलेको परिस्थितिमा खासै परिवर्तन नआएको संकेत गरे।

**रेशमलाल चौधरी : गणतन्त्रसँग हिन्दू धर्म साटिएको हो ?**

राष्ट्रिय जनमुक्ति पार्टीका संस्थापक रेशमलाल चौधरीले १९ दिने जनआन्दोलनमा गणतन्त्रसँग हिन्दू धर्म साटिएको हो कि भन्ने प्रश्न कांग्रेससमक्ष उठाए।

कांग्रेस सभापति गगन थापाले उक्त आन्दोलनमा टाउकोमा कफन बाँधेर गणतन्त्रको नारा लगाएको भन्दै उनले थापाको प्रशंसा गरे। आफू पनि उक्त आन्दोलनमा सहभागी भएको स्मरण गर्दै चौधरीले आन्दोलनका क्रममा आफूहरूले लाठी र पानीको फोहरा खाएको बताए।

**बाबुराम भट्टराई : कांग्रेस नयाँ रूपमा अघि बढ्ने विश्वास**

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले कांग्रेसको १५औं महाधिवेशनबाट पार्टी नयाँ रूपमा अघि बढ्ने विश्वास व्यक्त गरे।

पुराना पार्टीहरूको पुरानो नेतृत्व र विचारले मात्रै अब देशको आवश्यकता पूरा गर्न नसक्ने उनको भनाइ थियो।

माओवादीमा रहँदादेखि नै नेपालमा पार्टी रूपान्तरण भएर नयाँ नेतृत्व आउनुपर्ने वा नयाँ शक्ति उदाउनुपर्ने धारणा राख्दै आएको स्मरण गर्दै भट्टराईले अहिले ती दुवै प्रक्रिया अघि बढेको बताए।

## निर्वाचनमा...

पनि युवा वर्गको सहभागिता अनिवार्य हुँदै गएकोले राजनीतिमा राम्रो अवसर भएको उहाँको बुझाई रहेको छ।

दलभित्रका युवा संगठनहरूको सक्रियता, आरक्षणको व्यवस्था, निर्वाचनको बेला युवा तथा स्वतन्त्र उमेद्वारहरूको छनौट लगायतका कार्यले राजनीतिमा युवाहरूको सम्भावना भएको बुझाइ छ। दैलेखका अमृता शाहीले स्थानीय तहमा युवाहरूको सहभागिता, युवामैत्री कार्यक्रम, सामाजिक सञ्जाल तथा डिजिटल माध्यमको प्रयोगले राजनीतिको केन्द्रमा युवाहरू नै रहेको स्पष्ट पारे। उनले आफ्नो लागि आफै एजेण्डा तयार गर्न सक्ने र प्रविधिमैत्री निर्वाचनमा युवाहरू सक्रिय हुने भएकोले पनि मतदाताको रोजाईमा युवाहरू पर्ने गरेको बताए।

राम्रा अवसरहरू हुँदा पनि कर्णालीका युवाहरूले अनेकन चुनौतीहरू झेल्नुपरेको छ। दैलेखका पुष्कर खड्काले निर्वाचनमा हुने आर्थिक व्यवस्थापन, यहाँको भौगोलिक विकटता, प्रभावकारी सूचनाको अभाव तथा मिथ्या सूचनाको असरले युवाहरूलाई पछाडी पारेको बताए। यसका साथै सामाजिक तथा लैंगिक अवरोध, राजनीतिक दलभित्रको गुटबन्दीले पनि युवाहरूलाई निराशा पार्ने गरेको उनको भनाइ छ।

निर्वाचनको बेला उम्मेदवार छनौटको निर्णायक तहमा पुराना पुस्ताको वर्चस्व रहेको हुम्लाका सबिन रोकायले बताए। पछिल्लो समय राजनीतिप्रति आम सर्वसाधारणहको धारणा नकारात्मक बनेकोले राजनीतिमार्फत केहि गरौं भन्ने सोच बोकेका युवाहरू पछाडी पर्ने गरेको उनीहरूको भनाई छ। एकाउन्टबिलिटी ल्याब नेपालका कार्यक्रम अधिकृत क्रमिक काफ्लेले सहजीकरण गरेको कार्यक्रममा कार्यक्रम प्रबन्धक शुभेच्छा चापागाँई, कार्यक्रम अधिकृत राजु लामिछाने लगायतको सहभागिता रहेको थियो।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

स्वास्थ्य सम्बन्धी जनहितमा जारी सन्देश

- मधपान, धुम्रपान र सुर्तिजन्य पदार्थ र अधिक नुन सेवनले उच्च रक्तचाप, श्वासप्रश्वास सम्बन्धी रोग, मुख तथा फोक्सोको क्यान्सर लगायतका स्वास्थ्य समस्याहरु हुनसक्ने भएकाले यसको सेवन नगरौ ।
- कम्तीमा वर्षमा १ पटक नियमित स्वास्थ्य परीक्षण गरौं जसको कारणले उच्च रक्तचाप, मधुमेह, मृगौलाको समस्या, क्यान्सर साथै अन्य नसर्ने रोगहरुको समयमा नै पहिचान भई रोगको जटिलताबाट समयमा नै बचाउन सकिन्छ । प्रदेश सरकारले स्थानीय तहसँगको सहकार्यमा संचालन गरेको नागरिक परिक्षण कार्यक्रममा सहभागी हौं ।
- ट्राफिक नियमको पालना गरौं, जथाभावी सडक पार नगरौ, जेब्रा क्रसिङ्गबाट मात्र सडक पार गरौं साथै तीव्र गतिमा सवारी साधन नचलाऔं ।
- मानसिक तनावरहित जीवन जिउने अभ्यास गरौं र कुनै मानसिक समस्या आएमा तुरुन्त मनोसामाजिककर्तासँग परामर्श लिने गरौं ।
- **तत्काल एम्बुलेन्स सेवा लिन टोलफ्रि नं. १०२ तथा आत्महत्याको सोच आएमा टोलफ्रि नं. ११६६ नम्बरमा परामर्श सेवा लिने गरौ, अस्पताल भ्याक्सिन लगायत स्वास्थ्य सम्बन्धी विभिन्न सूचनाहरूका लागि टोलफ्रि नम्बर ११५ मा सम्पर्क गरौ ।**
- बाल हेल्पलाइन १०९८ मा आकस्मिक उद्धार, मनोविमर्श, अल्पकालीन आश्रय तथा अस्थायी संरक्षण सेवा, स्वास्थ्य उपचार, पारिवारिक परामर्श, पारिवारिक सहयोग, कानूनी परामर्श, पारिवारिक पुनर्मिलन।
- मौसम अनुसारको फलफूल, हरियो सागसब्जी खाने गरौं, म्याद गुजेरेका लेभल नभएका खाद्य तथा पेय पदार्थको सेवन नगरौं ।
- स्वास्थ्य सम्बन्धी सेवा लिदा सरकारी वा इजाजत प्राप्त निजी स्वास्थ्य संस्थाबाट मात्र सेवा लिने गरौं ।

म:म एण्ड सेकुवा सेन्टर बिक्रीमा

वीरेन्द्रनगरको मुख्य बजार नेताचोक, सुर्खेतमा लामो समयदेखि सञ्चालनमा रहेको ४० जना अट्ने क्यापासीटी भएको **KS MOMO AND SEKUWA CENTER** बिक्रीमा रहेको छ।
चालु अवस्थामै रहेको व्यवसाय इच्छुक व्यक्ति वा व्यवसायीलाई बिक्री गरिने भएकाले थप जानकारी निम्न नम्बरमा सम्पर्क गर्नुहोला।
*इच्छुक खरिदकर्ताले सम्पर्क गर्नुहोला।*
सम्पर्क : ९७६६५३७५९५

वार्षिक साधारण सभा हुने सम्बन्धी सूचना

**सम्पूर्ण शेयर सदस्यज्यूहरूमा हार्दिक निमन्त्रणा**
यस **श्री पूर्ण सक्रिय समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को ३०औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा हुने भएकाले पत्र पठाइ सकिएको छ । कारणवस पत्र प्राप्त नभएमा सम्पूर्ण शेयर सदस्यज्यूहरूले यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थितिका लागि अनुरोध छ।
**तपशिल**
मिति : २०८३ असोज २१ गते बुधवार
समय : बिहान १०:०० बजे
स्थान : पूर्ण सक्रिय समाज साकोस प्राङ्गणमा।
*शंकरबहादुर अधिकारी*
*संयोजक*
*पचारप्रसार उप-समिति*
श्री पूर्ण सक्रिय समाज बचत तथा ऋण सहकारी संस्था लि.
वीरेन्द्रनगर-२, कोलडाँडा, सुर्खेत

BND वीरेन्द्रनगर डेन्टल केयर होम
वीरेन्द्रनगर ६, हटियाचोक सुर्खेत
मा उपलब्ध अत्याधुनिक दन्त उपचार सेवाहरू:
विश्वस्तरीय प्रविधि र अनुभवी दन्त चिकित्सकद्वारा सेवा
१. पूर्ण दन्त परीक्षण: मुख र दाँतको विस्तृत जाँच।
२. दाँत सफाई: अत्याधुनिक प्रविधिद्वारा दाँत र गिजाको सफाई।
३. दाँत भर्ने र जरादेखि उपचार (RCT): किराले खाएको दाँतको सुरक्षित उपचार।
४. दाँत रोप्ने (Dental Implant): हराएको दाँतको स्थायी र प्राकृतिक समाधान।
५. दाँत बाँध्ने (Braces): टेढोमेढो दाँतलाई सिधा र आकर्षक बनाउने।
६. नक्कली दाँत राख्ने (Crown/Bridge/Denture): हराएको दाँतको सट्टा नक्कली दाँत राख्ने।
७. दाँत निकाल्ने: सामान्य र जटिल प्रकारका दाँत निकाल्ने सेवा।
८. लेजर र कस्मेटिक उपचार: आधुनिक प्रविधिबाट दाँत र मुस्कानलाई सुन्दर बनाउने।
९. बाल दन्त चिकित्सा: बालबालिकाहरूको दन्त स्वास्थ्यको विशेष हेरचाह।
तपाईंको दन्त स्वास्थ्यसँग सम्बन्धित जुनसुकै समस्याको लागि हामीलाई सम्पर्क गर्नुहोस्।
आधुनिक प्रविधि सुरक्षित उपचार उत्कृष्ट सेवा
सम्पर्क : स्थान: वीरेन्द्रनगर ६, हटिया चोक, सुर्खेत फोन नम्बरहरू: ९८५८०५११६४, ९८५८०६१७६९, ९७१२०५५५६५

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा
GLOBAL OFFSET PRESS
offsetpressg@gmail.com
बीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८६६५६११४८
लेबल स्टिकर, ब्रोसर पम्पलेट, क्यालेडर, पोस्टर
सरकारी फारम, भौचर, चलानी, बिलबुक
पुस्तक, नोटबुक, डायरी, रसीद, क्यागेजिन, पत्रिका
आईडी कार्ड, बिजिटिड कार्ड, निमन्त्रपा पत्र, फ्लेयर, ब्यानर
गुणस्तर हाम्रो प्रतिबद्धता, सन्तुष्टि हाम्रो लक्ष्य।
समयमै गुणस्तरीय सेवा | उच्च गुणस्तरको छपाई | अनुभवी टोली | ग्राहक सन्तुष्टि हाम्रो प्राथमिकता

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोन: ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)